अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा

**मिति: २०८१।३।३१ गते, समय: ११:०० बजे दिनको , बैठक संख्या: ५९**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २:** बार्षिक समिक्षा बैठक गर्ने सम्बन्धमा।

**निर्णय:** यस नगरपालिकाको आ.व. २०८०।०८१ को बार्षिक समिक्षा बैठक मिति २०८१।४।२ गते १० बजे कार्यालयको हलमा आयोजना गर्ने। सोही वडा कार्यालयबाट सेवा प्रवाह नहुने जानकारीको सूचना प्रकाशन गर्ने।

**प्रस्ताव नं. ३:** रोजगार रणनीति स्विकृत गर्ने सम्बन्धमा।

**निर्णय:** विधाय समितिमा छफलफल भई सम्बन्धित शाखाबाट स्विकृतकालागि पेश भएको "अमरगढी नगरपालिकाको स्थानीय रोजगार रणनीति" स्विकृत गर्ने।

**प्रस्ताव नं. ४:** औधोगिक ग्रामको भेरिएसन आदेश स्विकृत गर्ने सम्बन्धमा।

**निर्णय:** निर्माणाधिन अवस्थामा रहेको औधोगिकग्राममा निर्माण कार्य संचालन रहंदा केही आइटममा परिमाण बढन गएको र केही आइटम थप हुन गएकाले कार्यालयबाट तयार भएको भेरिएसन आदेश स्विकृत गर्ने।

**प्रस्ताव नं. ५:** वन विकास कोष वापतको रकम जम्मा गर्ने सम्बन्धमा।

**निर्णय:** वडा नं ५ र ८ मा रहेको डकलेमा बसपार्क निर्माण कार्यकोलागि वन क्षेत्र प्रयोग गर्नकालागि वन तथा भू संरक्षण विभाग काठमाण्डौंको प सं २४।२०८०।०८१, च नं १५९२ र मिति २०८१।३।१४ को पत्र अनुसार रु १ करोड ७ लाख ४ हजार वन विकास कोष वापतको रकम जम्मा गर्ने विषयमा छलफल हुंदा चरणबद्ध रुपमा भुक्तानी गर्ने गरि आगामि आव २०८१।०८२ को बजेटबाट रु ५ लाख जम्मा गरि सम्झौता गर्न वन तथा भू संरक्षण विभाग काठमाण्डौंमा सम्पर्क गर्ने।

**प्रस्ताव नं. ६:** उपचार खर्च सम्बन्धमा।

**निर्णय:** नगरपालिकाको फोहोर व्यवस्थापन गर्ने सन्दर्भमा वडा नं १ मालम निवासी नागरिक र वडा नं २ मौरडा निवासी श्री नारायणदत्त जोशी विच विवाद भई चोटपटक लागेको हुंदा सोको उपचार गर्ने क्रममा भएको खर्चको सोधभर्ना स्वरुप श्री नारायणदत्त जोशीलाई रु २ लाख उपचार खर्च उपलब्ध गराउने।

**प्रस्ताव नं. ७:** सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा।

**निर्णय:** नगरपालिकामा विगत देखि सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसंपादनका आधारमा २०८१ पौष मसान्त सम्म म्याद थप गर्ने। संगठन संरचनामा नरहेका र कार्यसंपादन सन्तोषजनक नभएका कर्मचारीको म्याद थप नगर्ने।

**प्रस्ताव नं. ८:** यस कार्यालयमा कार्यरत वडा सचिवमा श्री हरिप्रसाद पाठकलाई फिर्ता पठाउने सम्बन्धमा।

**निर्णय:** नगरपालिकामा विगत देखि कार्यरत वडा सचिव श्री हरिप्रसाद पाठकले आचरण विपरित कार्य गरि सेवा प्रवाहमा चरम लापरबाही र व्यापक जन गुनासो प्राप्त भएकाले सचेत पार्न पटक पटक लिखित स्पष्टिकरण सोधिएको जवाफ पनि सन्तोष जनक नदिएको र आचरणमा समेत सुधार नभएकोले निजलाई जिल्ला समन्वय समिति डडेल्धुरामा फिर्ता पठाउने।

**प्रस्ताव नं. ९:** योजना अनुगमन प्रतिवेदन पेश सम्बन्धमा।

**निर्णय:** नगरपालिकाको आव २०८०।०८१ को योजना अनुगमन प्रतिवेदन बैठकमा छलफल भई स्विकृत भयो।

प्रमुख प्रशासकीय अधिकृत